# 2. बिरामी・आपतकालीन　（病気・緊急）

## 2-1 बिरामी भएको बेलामा　（病気のとき）

【कार्यालय दिन】　（平日）

साकाइ-सिरिचु सोउगोउ इरियोउ सेन्टर (निसी-कु एबारा जिच्योउ 1-1-1 ☎072-272-1199 फ्याक्स 072-272-9911)

सावधानी विशेष किसिमको उपचारको आवश्यकता भएको व्यक्तिहरू, अन्य चिकित्सा संस्थान आदिबाट परिचय पत्र (स्योउखाई ज्योउ )लिएर जाने अस्पताल हो।

यदि तपाईसँग परिचय पत्र (स्योउखाई ज्योउ) छैन भने, तपाईले नियमित चिकित्सा शुल्कको अतिरिक्त एक विशेष शुल्क तिर्न आवश्यक हुनेछ।

【बिदाको दिन・राति अचानक बिरामी पर्दा】　（休日・夜間に急病になったとき）

| चिकित्सा (सिनर्योउखा) | नाम | ठेगाना | रिसेप्शन समय | | |
|---|---|---|---|---|---|
| | | | कार्यालय दिन | शनिवार | आइतवार ・बिदाको दिन |
| बाल चिकित्सा *1 | साकाइ-सि कोदोमो क्युब्योउ सिनर्योउ सेन्टर | निसी-कु एबारा जिच्योउ 1-1-2<br>☎072-272-0909<br>फ्याक्स 072-272-5959 | 20:30−<br>अर्को दिनको बिहान 4:30 | 17:30−<br>अर्को दिनको बिहान 4:30 | 9:30−11:30<br>12:45−16:30<br>17:30−अर्को दिनको बिहान 4:30 |
| आन्तरिक चिकित्सा *2 | साकाइ-सि सेनबोकु क्युब्योउ सिनर्योउ सेन्टर | मिनामी-कु ताकेसिरोदाई 1-8-1<br>☎072-292-0099<br>फ्याक्स 072-292-0629 | × | 17:30−<br>20:30 | 9:30−11:30<br>12:45−16:30<br>17:30−20:30 |
| दन्त चिकित्सा | साकाइ-सि कोउकुउ होकेन सेन्टर | साकाइ-कु दाईसेन नकामाची 18-3<br>☎072-243-0099<br>फ्याक्स 072-243-3088 | × | 17:30−<br>20:30 | 9:30−11:30<br>12:45−16:30 |

*1जूनियर हाई स्कूलका विद्यार्थी भन्दा तलका लागि मात्र

*2जूनियर हाई स्कूलका विद्यार्थी भन्दा तलका लागि साकाइ-सि कोदोमो क्युब्योउ सिनर्योउ सेन्टर

【विदेशीहरूको लागि चिकित्सा जानकारी साइट】ओसाका मेडिकल नेट for Foreigners （外国人のための医療情報サイト）

जापानी, अंग्रेजी, चिनियाँ, द.कोरियन・उ.कोरियन, स्पेनिश, पोर्तुगाली, भियतनामी, तागालोग भाषाबाट खोज्न सक्नुहुन्छ।

तपाईले विस्तृत रूपमा चिकित्सा जानकारी र विदेशी भाषामा डाक्टरलाई जँचाउन सकिने अस्पतालहरू खोज्न सक्नुहुन्छ ।

http://www.mfis.pref.osaka.jp/omfo/

(सिर्जना: ओसाका-फु केनकोउ इर्योउ-बु होकेन इर्योउसिचु होकेन इर्योउ किखाकु-खा)

【बहुभाषी चिकित्सा जाँच प्रश्नावली】　（多言語医療問診票）

इन्टनेटमा 21 भाषाहरू (अंग्रेजी, चिनियाँ, द.कोरियन・उ.कोरियन, पोर्तुगाली, स्पेनिश, भियतनामी, तागालोग, थाई, इन्डोनेसियाली, नेपाली, फ्रान्सेली, अरबी, रुसी, फारसी, खमेर, लाओ, जर्मन, क्रोएसोयाली, तमिल, सिन्हाला, युक्रेनी भाषाहरू )को चिकित्सा जाँच प्रश्नावली हेर्न सक्नुहुन्छ।

यदि तपाईले अस्पताल जानुभन्दा अघि प्रश्नावली लेख्नुभयो भने, डाक्टरसँग कुराकानी गर्न सजिलो हुन्छ।

http://www.kifjp.org/medical/

सावधानी यो「बहुभाषी चिकित्सा जाँच प्रश्नावली」नवीकरण हुन् सक्छ, त्यसैले प्रयोग हर्ने बेलामा निश्चय गर्नुहोस् ।

(सिर्जना : NPO होउजिन कोकुसाई कोउरिउ हाटी कोउनानदाई , कोउएकि जाईदान होउजिन खानागावा कोकुसाई कोउरिउ जाईदान)

## 2-2 आगलागी भएको बेलामा, अचानक बिरामी वा गम्भीर चोटपटक लागेमा　（火事のとき、急病や大けがのとき）

【119 नम्बरमा फोन गर्नुहोस्】　（119番通報）

24 घण्टा 365दिन, कल सेन्टरको दोभासे मार्फत 5 भाषाहरू (अंग्रेजी , चिनियाँ , द.कोरियन・उ.कोरियन, पोर्तुगाली, स्पेनिश)मा समर्थन गरिन्छ ।

सावधानी कल सेन्टरमा सम्पर्क हुन केही समय लाग्न सक्छ ।

## 2-3 अपराध क्षति आदिमा परेको बेलामा　（犯罪被害などにあったとき）

【110 नम्बरमा फोन गर्नुहोस्】　（110番通報）

ओसाका-फु कोकुसाई कोउरिउ जाईदान को「1.आपतकालीन अवस्थामा समर्थन」को पेजमा हेर्नुहोस् ।